नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभाग**
(वैदेशिक श्रम स्वीकृति शाखा)
ताहाचल, काठमाडौं
Web : dofe.gov.np
फोन नं. ०१-४७९२६७१

पत्र संख्याः २०८२/८३ चलानी नंः

मितिः २०८३/०१/०४

## सूचना।

वैदेशिक रोजगारीका लागि श्रमिक पठाउन ईजाजतपत्र प्राप्त संस्थाहरूले श्रमिक माग गरी राष्ट्रियस्तरको दैनिक पत्रिकामा विज्ञापनको सूचना प्रकाशन गर्नुपर्ने र सोको जानकारी यस विभागमा पठाउनुपर्ने प्रावधान रहेको छ। यसरी प्रकाशन हुने सूचनामा स्पष्ट रुपमा संस्थाको आधिकारिक सम्पर्क व्यक्तिको नाम, सम्पर्क नम्बर एवं सम्पर्क स्थान तोकिएको हुनुपर्ने व्यवस्था भएपनि प्रकाशित भएको सूचना अनुसार आवेदन दिन चाहने व्यक्तिहरूले सम्पर्क गर्न नसकेको गुनासो प्राप्त भएकोले सो सम्बन्धमा विभागको गम्भीर ध्यानाकर्षण भएको छ। तसर्थ, ईजाजतपत्र प्राप्त संस्थाहरूले विज्ञापनको सूचनामा आधिकारिक सम्पर्क व्यक्तिको नाम, सम्पर्क नम्बर एवं सम्पर्क स्थान स्पष्ट खुलाई आम नागरिकले आवेदन दिन पाउने व्यवस्था सुनिश्चित गर्न साथै, संस्थाले वैदेशिक रोजगारीको मागपत्रमा पूर्व स्वीकृति आवेदन गर्दा अनिवार्य रुपमा सम्पर्क व्यक्तिको नाम, सम्पर्क नम्बर एवं सम्पर्क स्थान खुलाउन जानकारी गराईन्छ। माथि उल्लेखित व्यवस्थाको कार्यान्वयन नभएको पाइएमा प्रचलित कानून वमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

२०८३/०१/०४

..............................
शाखा अधिकृत